का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ पुस २०७९,
बिहीबार
12 January 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३२७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### सातै प्रदेशमा नयाँ नेतृत्व

# अस्थिरताको जगमा उभिएको सरकार

सात वटै सरकार बन्दा राजनीतिक दलहरुका बीचमा सर्तसहितका सहमति भएका छन् । सर्त उलंघन हुँदा सरकार तलमाथि हुन सक्ने त्रास त हुन्छ नै । यसका अलावा आलोपालो सरकारको नेतृत्व गर्ने सहमति छ । यसले फेरि पनि स्थिरताको जनचाहनालाई निराश बनाइदिएको छ ।



१ हिक्मतकुमार कार्की, मुख्यमन्त्री, प्रदेश १



२ सरोजकुमार यादव, मुख्यमन्त्री, मधेश



३ शालिकराम जम्कट्टेल, मुख्यमन्त्री, बागमती



४ खगराज अधिकारी, मुख्यमन्त्री गण्डकी



५ लिला गिरी, मुख्यमन्त्री, लुम्बिनी



६ रामकुमार शर्मा, मुख्यमन्त्री, कर्णाली



७ राजेन्द्र सिंह रावल, मुख्यमन्त्री, सुदूरपश्चिम

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

सात वटा प्रदेशले नयाँ नयाँ मुख्यमन्त्री पाएको छ । नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जसपा, राप्रपा, जनमत पार्टी, नाउपाको गठबन्धनमा भएको भागबण्डाअनुसार प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा एमाले नेतृत्वमा सरकार गठन भएको छ । वाग्मती र कर्णालीमा माओवादी केन्द्रको नेतृत्वमा सरकार गठन हुँदा मधेस प्रदेशमा जसपाले सरकार बनाएको छ ।

प्रदेश १ मा एमालेका हिक्मत कार्की मुख्यमन्त्री नियुक्त भइसकेका छन् । जहाँ माओवादीसँग आलोपालो मुख्यमन्त्री भनिएको छ । तर, औपचारिक रुपमा खुलाइएको छैन् ।

प्रदेश १ सरकारको मुख्यमन्त्रीमा केन्द्रमा गठबन्धन भएपछि एमाले र माओवादी केन्द्रले दाबी गरेका थिए । तर यहाँ एमालेका हिक्मत कार्कीलाई मुख्यमन्त्री बनाउने सहमति केन्द्रमा सहमति हुनुपहिल्यै भएको थियो । जसअनुसार नै पुस २४ गते कार्की मुख्यमन्त्री नियुक्त भएका थिए । प्रदेश १ प्रदेश सभाको सभामुख माओवादी र उपसभामुख एमालेले पाउने सहमति भएको छ । ९३ सदस्यीय प्रदेशसभामा एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका १ सहित कुल ६० सांसद सत्तापक्षमा छन् ।

मधेश प्रदेशमा जसपाका सरोज यादव मुख्यमन्त्री बनेका छन् । जहाँ साडे दुई वर्षपछि जनमत पार्टीलाई मुख्यमन्त्री बनाइनेछ । मधेस प्रदेशमा सभामुख एमाले र उपसभामुख जनमत पार्टीले पाउने सहमति भएको छ । १ सय ७ सदस्यीय मधेसमा

– बाँकी पृष्ठ २ मा

## सत्ता बाहिर कांग्रेस

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

पाँच दलीय गठबन्धनको साहारामा स्थानीय तहदेखि केन्द्रसम्मै पहिलो पार्टी बनेको नेपाली कांग्रेस संघदेखि सातै प्रदेशसम्म सत्ता बाहिर रहन पुगेको छ । शक्ति बाँडफाँडमा असहमति जनाएपछि माओवादी केन्द्रले एमाले लगायतका दलसँग मिलेर संघीय सरकार बनाएको छ ।

बुधबारसम्म आइपुग्दा एमाले-माओवादी नेतृत्वको गठबन्धनले सातै प्रदेशमा सरकार बनायो । तर, कांग्रेस कतै पनि सरकारको दाबी गर्ने स्थितिमै रहेन । एमालेको सहयोगमा पुष्पकमल दाहाल प्रधानमन्त्री भएपछि कांग्रेस केन्द्रदेखि प्रदेशसम्मै एक्लिएको हो ।

संघदेखि प्रदेशसम्मै एक्लिएको कांग्रेसले एमाले/कांग्रेस नेतृत्वकै सरकारलाई समर्थन दिए नयाँ समीकरणमा खेल्न खोजेको छ । प्रधानमन्त्री प्रचण्डलाई मंगलबार प्रतिनिधिसभामा विश्वासको मत दिएको कांग्रेसले यस्तै अभ्यास प्रदेशमा पनि गर्ने संकेत दिएको छ । तर, प्रदेशका हकमा सर्तहरू राखिएका छन् ।

नेपाली कांग्रेसको बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामा संघीय अभ्यास अनुसार प्रदेशमा पनि सरकारलाई समर्थन दिन तयार रहेको बताउँछन् । तर, यसका लागि सभामुख आफूहरुलाई

– बाँकी पृष्ठ २ मा



## नागरिकको जीवनबारे
# बेखबर सरकार

अर्थतन्त्रको वृद्धि र रोजगारीको सुरक्षामा सरकारले ध्यान पुर्‍याउनु अत्यावश्यक छ । अन्यथा: प्राकृतिक विपति, महामारी, खानाको अभावमा नागरिकले मृत्युवरण गनुपर्ने अवस्था कहिले नबद्ला भन्न सकिदैंन ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

नेपालको संविधानले गाँस, बास र कपासलाई मौलिक हकका रुपमा सुरक्षित गरेपनि चिसोका कारण नागरिक मर्दा समेत राज्य बेखबर जस्तै बनेको छ । घटना हो-सप्तरीमा चिसोका कारण मृत्यु भएका दुई नागरिकको । चिसो बढेसँगै सप्तरीको अग्निसाइर कृष्णासवरन गाउँपालिका वडा नम्बर ४ का स्थानीय कपलेश्वर सदा र तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ४ का ४५ वर्षिय देवु सदाको चिसोले कठ्याग्रिएर मृत्यु भएको छ । चिसोका कारण बिरामी परेका सदाको कपडाकै अभावमा कठयांग्रिएर मृत्यु भएपछि सरकारले अभिभावकत्व ग्रहण नगरेको आरोप समेत लाग्दै आएको छ ।

सप्तरीका सदा त प्रतिनिधि पात्र मात्रै हुन्, देशभर विभिन्न प्राकृतिक विपत्ति, महामारी र रोगले नागरिक प्रभावित हुँदा समेत सरकारले ठोस योजना बनाउनै सकेको छैन । महामारीले मान्छे

– बाँकी पृष्ठ २ मा

# मन्त्रालय भागवण्डा

### एमाले ९, माओवादी ६, रास्वपा ४, राप्रपा ३, जसपा र जनमत २/२

नेताहरुका अनुसार आगामी शुक्रबारसम्म मन्त्रिपरिषदलाई पूर्णता दिने प्रधानमन्त्री प्रचण्डको तयारी छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ पुस ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बुधबार साँझ प्रमुख सत्ता साझेदार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेट गरे । ओली निवास बालकोटमा भएको भेटमा मन्त्रिपरिषद् विस्तारका विषयमा छलफल भएको छ ।

नेताहरुका अनुसार आगामी शुक्रबारसम्म मन्त्रिपरिषदलाई पूर्णता दिने प्रधानमन्त्री प्रचण्डको तयारी छ । प्रचण्ड र ओलीबीच मन्त्रालय भागवण्डामा करिब करिब सहमति जुटेको बताइन्छ । सत्ता साझेदार दलहरुमध्ये ७९ सीट बोकेको सबैभन्दा ठूलो दल नेकपा एमालेले १० वटा मन्त्रालय राख्न चाहेको छ । तर सात दलबीच बाँडफाँट गर्दा ९ वटामा चित्त बुझाउन प्रचण्डको प्रस्ताव छ । एमालेबाट उपप्रधानमन्त्री तथा अर्थमन्त्रीसहित हाल चार जना मन्त्री सरकारमा छन् । मन्त्रालय बाँडफाँट नभएकाले ज्वाला कुमारी साह, राजेन्द्र राई र दामोदर भण्डारी अहिले बिना विभागीय छन् । उनीहबाहेक अब एमालेबाट बढीमा ५ जना मन्त्री थपिनेछन् ।

नेताहरुका अनुसार माओवादीबाट प्रधानमन्त्रीसहित बढीमा ६ जना हुनेछन् । अहिले प्रधानमन्त्री प्रचण्डकोल मन्त्रिपरिषदमा उपप्रधानमन्त्री तथा भौतिक पुर्वाधार मन्त्री नारायणकाजी श्रेष्ठ छन् । अब माओवादीबाट बढीमा ४ जना मन्त्री थपिनेछन् ।


रास्वपाले ४ वटा मन्त्री पाउनेछ । अहिले रवि लामिछाने उपप्रधानमन्त्रीसहित गृहको जिम्मेवारीमा छन् । अब एक राज्यमन्त्रीसहित ३ जनाले रास्वपाबाट सरकारमा मौका पाउनेछन् । राप्रपाले ३ वटा मन्त्रालय पाउने भएको छ । जसपालाई २ वटा मन्त्रालय दिने तयारी छ । ६ सीट रहेको जनमत पार्टीले एउटा मन्त्री पाइसकेको छ । उसले थप एक मन्त्रालय मागेको छ ।


### वैदेशिक रोजगार विशेष

# खनाल, भण्डारी र भान्तना अध्यक्षका दाबेदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्षका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन र वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालले उम्मेदवार घोषणा गरेका छन् । एशोसिएसनको बुधबार बसेको कार्यसमितिको बैठकले अध्यक्ष कुमुद खनालको नेतृत्वमा संघमा प्रतिस्पर्धा गर्ने निर्णय गरेको हो । एशोसिएसनका कार्यवाहक अध्यक्ष भगिरथ राई (रमेश)को अध्यक्षतामा बसेको बैठकले अध्यक्षमा कुमुद खनालको नेतृत्वमा संघमा प्रतिस्पर्धा गर्ने निर्णय गरेको हो ।







### संघको निर्वाचन

२१ सदस्यीय कार्यसमितिमा खनालको पक्षमा १७ जनाले हस्ताक्षर गरेका छन् । कार्यसमितिका केही सदस्य उपत्यका बाहिर र केही मुलुक बाहिर रहेकाले उपस्थित नभएको बताइएको छ । अध्यक्ष पदमा एशोसिएसनका अध्यक्ष खनालसहित संघका पूर्व तथा निवर्तमान

– बाँकी पृष्ठ २ मा

## सात सय व्यवसायी संस्थाले पठाए प्रतिनिधि

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको २९ औं साधारण सभा र निर्वाचनका लागि ७ सय व्यवसायीले प्रतिनिधि पठाएका छन् । बुधबार साँझसम्म ८ सय ८० सदस्य व्यवसायी संस्थामध्ये ७ सय व्यवसायीले प्रतिनिधि पठाएको निर्वाचन समितिका संयोजक ऋषि शर्माले जानकारी दिए ।

उनीहरूले संघको आगामी नेतृत्व चयन गर्न मतदान गर्नेछन् । उक्त संख्या कुल सदस्य संख्याको करिब

– बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४४९८७४०५

**सातै...**
एमालेका २३, जसपाका १६, जनमतका १३ र माओवादीका ९ सहित सत्तापक्षमा ६१ सांसद पुग्छन् ।

वाग्मती प्रदेश सरकारको नेतृत्व माओवादीका शालिकराम जमकट्टेलले गरेका छन् । उनले पनि आधा कार्यकाल एमालेलाई दिनेछन् । अरु प्रदेशमा मुख्यमन्त्रीले नियुक्ति लिइरहँदा वाग्मती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले भने विश्वासको मत लिने मिति तय गरिसकेका छन् । पुस २७ मा शपथ लिएका उनी माघ ३ मा प्रदेश सभाबाट विश्वासको मत लिनेछन् ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्रीमा एमालेका खगराज अधिकारी नियुक्त भएका छन् । अन्य प्रदेशको तुलनामा यो प्रदेशमा आलोपालो कम सुनिएको छ । तर, अन्य प्रदेशमा पाँचै वर्ष एकल नेतृत्व भनिएकोमा उलंघन भएको भन्दै माओवादीले यस प्रदेशमा पनि आलोपालो सरकारको विषय उठान गरिसकेका छन् ।

यहाँ पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ मुख्यमन्त्री बन्न चाहन्थे तर उनी प्रतिनिधिसभा सदस्य बने । संघीय सांसद बन्न चाहेका अधिकारी प्रदेशमा चुनाव लडे र मुख्यमन्त्रीको कुर्सीमा पुगेका हुन् । सत्तारुढ गठबन्धनमा भएको सहमतिअनुसार गण्डकीमा सभामुख माओवादी र उपसभामुख एमालेबाट चुनिनेछन् । गण्डकीमा ६० सदस्यीय प्रदेशसभा छ । गण्डकीमा सत्तापक्षमा एमालेको २२, माओवादीको ८ र राप्रपाको २ गरी ३२ सांसद अधिकारीको पक्षमा छन् । लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा एमालेका लीला गिरी नियुक्त भएका छन् । मुख्यमन्त्री बनेका गिरी एमालेमा उपाध्यक्षसमेत रहेका उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलनिकट मानिन्छन् । सहमति लुम्बिनी प्रदेशमा सभामुख माओवादी र उपसभामुख राप्रपाबाट बन्नेछन् । ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा एमालेका २९, माओवादीका ९, राप्रपाका ४, जसपाका ३ र जनमतका ३ सहित गठबन्धनको पक्षमा ४८ सांसद छन् ।

कर्णाली प्रदेशको मुख्यमन्त्री माओवादीका राजकुमार शर्मा भएका छन् । यहाँ माओवादीले पाँच वर्ष एकल नेतृत्व गर्ने केन्द्रको निर्णय थियो तर त्यसलाई उल्ट्याउँदै एमालेबाट साढे दुई वर्षपछि मुख्यमन्त्री हुने प्रदेशस्तरीय सहमति गराएको छ ।

केन्द्रको सहमतिअनुसार पाँच वर्ष मुख्यमन्त्री हुने भनिएपनि प्रदेशस्तरमा साढे २ वर्षमा सरकारको नेतृत्व फेर्ने सहमति एमाले र माओवादीबीच भएको हो । कर्णालीमा सभामुख एमाले र उपसभामुख माओवादीबाट हुनेछन् ।

कर्णालीको ४० सदस्यीय प्रदेशसभामा माओवादीबाट १३, एमालेबाट १०, राप्रपाबाट १ गरी सत्तापक्षमा २४ प्रदेश सभा सदस्य छन् । सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा एमालेका राजेन्द्रसिंह रावल नियुक्त भएका छन् । सुदूरपश्चिम प्रदेशमा पनि आधा कार्यकाल माओवादी केन्द्रलाई नेतृत्व छोड्ने सहमति भएको छ ।

सुदूरपश्चिममा सभामुख माओवादी र उपसभामुख नागरिक उन्मुक्ति पार्टीबाट चुन्ने सहमति भएको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सभा सभामुखमा माओवादी केन्द्रले भीम भण्डारीलाई मनोनयन गर्न लगाएको छ । यहाँ कांग्रेसले पनि सभामुखमा मनोनयन दर्ता गराएको छ ।

अर्थात, सात वटै सरकार बन्दा राजनीतिक दलहरुका बीचमा सर्तसहितका सहमति भएका छन् । सर्त उलंघन हुँदा सरकार तलमाथि हुन सक्ने त्रास त हुन्छ नै । यसका अलावा आलोपालो सरकारको नेतृत्व गर्ने सहमति छ । यसले फेरि पनि स्थिरताको जनचाहनालाई निराश बनाइदिएको छ ।

**सत्ता...**
दिनुपर्ने उनको माग छ । उनले सार्वजनिक रुपमै भनेका छन्, 'राजनीतिमा केही पाउँदा केही गुमाउन पनि पर्छ भन्ने मान्यताबारे सत्तापक्षका नेताहरु प्रस्ट हुनुपर्छ, उहाँहरुले हामीलाई मत माग्दा हाम्रो पनि माग सुन्नुभयो भने हामी सकारात्मक छौं ।'

**नागरिकको...**
मरेपछि वा बाढीले घर बगाएपछि नागरिकलाई राहात र उपचार गराउने प्रवृत्ति नरोकिएसम्म नागरिकले सुरक्षित महशुस नगर्ने मानवअधिकारकर्मी मोहना अन्सारी बताउँछिन् । नागरिकप्रति राज्य पूर्ण जिम्मेवार नबन्दा नागरिक गाँस, बास, कपास र रोजगारीको खोजीमा भौतारिनुपरेको उनको भनाई छ । संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी घोषणापत्रमा पनि राज्यले आफ्ना नागरिकलाई शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाजस्ता आधारभूत सेवा दिनैपर्ने उल्लेख गरिएको छ । तर पनि, नागरिकका समस्याबारे सरकार बेखबर बन्दा उनीहरु झनै मारमा परेका हुन् ।

हुनत, हरेक सरकार गठन हुनबित्तिकै सामाजिक सुरक्षाको प्रत्याभूति गराउने प्रतिबद्धता भने व्यक्त गर्न छाड्दैनन् । अहिले प्रचण्ड नेतृत्वको सरकारले पनि अर्थतन्त्रलाई मजबुत बनाएर नागरिकको मौलिक हकको सुरक्षा गर्ने विषय न्यूनतम साझा कार्यक्रममै समेटेको छ । तर, कार्यान्वयनको पाटो फितलो हुँदा नागरिकहरु गुणस्तरीय स्वास्थ्य, शिक्षा, खाना र प्राकृतिक विपत्तिका कारण प्रभावित बनेका छन् । तरपनि, जनतालाई आश्वासन दिने तर, बोलेका प्रतिबद्धता पूरा नगर्ने नेतृत्वकै कारण जनता मारमा पर्दै आएका छन् । विपत्तिमा समेत राज्य भएको महशुस गर्न नसक्ने अवस्थाका कारण कतिपय विदेश पलायन समेत भएका छन् ।

नेपालमा हाल दिइएका सामाजिक सुरक्षाका सेवा अत्यन्तै सीमित मात्रै छैनन्, पहुँचवालाले मात्रै सुविधा प्राप्त गर्ने अवस्था छ । तसर्थ, अर्थतन्त्रको वृद्धि र रोजगारीको सुरक्षामा सरकारले ध्यान पुर्‍याउनु अत्यावश्यक छ । अन्यथा: प्राकृतिक विपत्ति, महामारी, खानाको अभावमा नागरिकले मृत्युवरण गर्नुपर्ने अवस्था झनै नबढ्ला भन्न सकिदैंन ।

**खनाल...**
द्वितीय उपाध्यक्षद्वय भुवन सिं गुरुङ र कमलदेव मल्ल तथा निवर्तमान महासचिव सुजितकुमार श्रेष्ठको दाबी थियो । दुई जनासंग प्रतिक्रियाका लागि मध्यान्ह दैनिकले सम्पर्क गर्दा सम्पर्क हुन सकेन ।

खनालले भने संघको २९ औं साधारण सभाका लागि एशोसिएसनका तर्फबाट आफूले अध्यक्षको उम्मेदवारको पत्र पाएको र गत वर्ष हुन नसकेको कार्यसमितिको निर्वाचनका लागि राखेको २५ हजार धरौटी फिर्ता नलिएकाले सोही धरौटी राखेर यसपटक प्यानल नै खडा गरेर चुनाव लड्ने बताएका छन् । खनाल संघका पूर्व प्रथम उपाध्यक्ष हुन् ।

अध्यक्षको निर्णय गरिए पनि एशोसिएसनले गठबन्धनका आधारमा तालमेल गरेर अन्य पदमा उम्मेदवारी तय गर्ने बताइएको छ । एशोसिएसनले नेपाल वैदेशिक रोजगार व्यवसायी एकीकृत संगठनसँग तालमेल गर्ने प्रयास जारी राखेको छ । उक्त संगठनका प्रतिनिधिलाई महासचिवको उम्मेदवार बनाएर जाने विषयमा छलफल चलिरहेको बताइएको छ ।

संघको निर्वाचनका लागि पार्टीका प्रतिनिधि नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् संसदीय दलका प्रमुख सचेतक रमेश लेखक र नेकपा एकीकृत समाजवादीबाट निर्वाचन प्रतिनिधित्वका रुपमा खटाइएका पूर्वश्रममन्त्री उर्वादत्त पन्तले माथिल्लो स्तरमा छलफल गरिरहेको बताइएको छ । छलफल सकारात्मक भए एकीकृत संगठनका महासचिव मधुकर रिजाल एशोसिएसन र संगठनको तर्फबाट संघको महासचिव उम्मेदवार बन्नेछन् । लोकतान्त्रिक एशोसिएसनबाट प्रथम उपाध्यक्ष पदमा संघका पूर्व तृतीय उपाध्यक्ष किशोर कुमार केसी, एशोसिएसनका महासचिव कमल काफ्ले र एशोसिएसनका पूर्व उपाध्यक्ष जनक खड्का 'प्रकाश', द्वितीय उपाध्यक्ष पदमा जङ्गबहादुर इजम, पंकजकुमार मिश्र, केशव न्यौपाने, मोहनकुमार ढुंगेल र रविन मेगाले मगर तथा तृतीय उपाध्यक्ष पदमा सञ्जय पनेरु, महम्मद जवारदिन, अमिर बास्तोला, तुल्सी पुरी र दिनेशकुमार रायको दाबी परेको छ ।

यस्तै महासचिव पदमा भवानी निरौला, मेघनाथ भुर्तेल, लक्ष्मण पौडेल र अमर प्रकाश तिवारी, सचिव पदमा कर्णराज कटुवाल, विक्रम श्रेष्ठ, नगेन्द्रप्रसाद पोखेल, हर्क लिम्बू, कुबेर सिंह कोइराला र प्रकाश बोहोरा तथा कोषाध्यक्ष पदमा हिरादेवी बुढाथोकी र हिमा गुरुङको दाबी परेको छ । दश जना सदस्य पदमा चन्द्रबहादुर लिम्बू, कैलास पाठक, चन्द्रकमल श्रेष्ठ, नारायण भुसाल, तोरन कुमार कार्की, सुनिता कर्माचार्य गरी सात जनाको मात्रै दाबी परेको छ । एशोसिएसनले नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियत पाएको छ । अध्यक्षका उम्मेदवार खनालले पार्टी संगठनमा काम गरेको ज्येष्ठता, क्रियाशील सदस्यता र संघमा निर्वाचित भएको अवस्थामा गर्ने कामको कार्ययोजना र अन्य संगठनसँगको तालमेलका आधारमा उम्मेदवार छनोट गर्ने बताए । यता सर्वसम्मतिले अध्यक्ष राजेन्द्र भण्डारीलाई संघ अध्यक्षको उम्मेदवार बनाउने निर्णय गरेको मञ्चले नेकपा माओवादी केन्द्र निकट नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चसँग तालमेल गरेर प्रतिस्पर्धा गर्ने तयारी गरेको छ । गणतान्त्रिक मञ्चले पनि आफ्नो नेतृत्वमा चुनावमा जानुपर्ने अडान राखिरहेको बताइएको छ । तर प्रगतिशील मञ्चले अध्यक्ष पछाडिको महत्वपूर्ण पद प्रथम उपाध्यक्ष गणतान्त्रिक मञ्चलाई दिएर तालमेल गर्ने प्रस्ताव गरेको स्रोतले बतायो ।

गणतान्त्रिक मञ्चका पूर्वअध्यक्ष रामप्रसाद भान्तनाले व्यवसायीको निर्वाचनमा पहिले नै सिण्डिकेट बनाएर चुनाव लड्न नहुने चन्दै आफू व्यवसायीको अधिकार रक्षाका लागि अध्यक्षको उम्मेदवार बन्ने बताएका छन् । यसअघि गत माघमा सहमतिको आधारमा निर्वाचन गर्ने विषयमा राजनीतिक दल निकट प्रमुख संस्थाहरुबीच सहमति हुँदा पनि भान्तनाले अध्यक्ष पदमा उम्मेदवारी दिएका थिए ।

संघको निर्वाचनमा नेपाली कांग्रेस निकट एशोसिएसन, एमाले निकट प्रगतिशील मञ्च नेपाल, नेकपा माओवादी केन्द्र निकट गणतन्त्रिक मञ्च, नेकपा एकीकृत समाजवादी निकट एकीकृत संगठन, संघीय समाजवादी पार्टी निकट समाजवादी वैदेशिक रोजगार व्यवसायी संघ, महिला वैदेशिक रोजगार व्यवसायी संघ र जातीय तथा क्षेत्रीय भेगीय संस्थाहरू निर्णायक हुने गरेका छन् ।

समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्ष र कार्यसमितिमा तीन सदस्यका लागि प्रगतिशील मञ्च र लोकतान्त्रिक एशोसिएसन दुबैतर्फ छलफल गरिरहेको बताइएको छ ।

**सात...**
७६ प्रतिशत हो । संघको विधानअनुसार साधारण सभाका लागि ५१ प्रतिशत सदस्यको उपस्थिति अनिवार्य हुन्छ ।

केही म्यानपावर कम्पनी शेयर लगत अध्यावधिक हुन नसकेको कारणले प्रतिनिधि पठाउन नपाएको बताइएको छ । संघको निर्वाचन समितिका अनुसार २७ गते साँझसम्म साधारण सभाका लागि प्रतिनिधि पठाउन सक्ने व्यवस्था थियो । साधारण सभा र निर्वाचन माघ ६ गते हुने तय भएको छ ।

निर्वाचन समितिका संयोजक शर्माले बुधबार निर्धारित समयसम्म आएका प्रतिनिधिको छानविन समावेश गरी २८ गते शुक्रबार साँझ अन्तिम मतदाता नामावली प्रकाशित गर्ने जानकारी दिए । २९ गते बिहान १० बजेदेखि १२ बजेसम्म उम्मेदवारी दर्ता गरी सोही दिन साँझसम्म व्यवसायीलाई उम्मेदवारको योग्यताको दाबी विरोधको मौका दिएर उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गर्ने तालिका बनाएको बताए ।

संघको कार्यसमितिको अध्यक्ष, तीन उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्षसहित ७ पदाधिकारी र १० सदस्य पदको निर्वाचन हुने व्यवस्था छ । संघको विधानमा ४ सदस्य अध्यक्षले मनोनयन गर्ने व्यवस्था छ ।


## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०९/२८**

**हेलीकन सफ्ट प्यालेस प्रा.लि.** को मिति २०६९/०८/१४ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एडनेट सोलुसन प्रा.लि. (प्रा.लि.नं.: ८८६४६)** साथै साविक ठेगाना परिवर्तन गरि **काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, सरस्वतीनगर चावहिल** कायम गर्ने गरी मिति २०६९/०८/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/२८**

**युनिक अफशोर प्रा.लि.** को मिति २०७९/०७/२० गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्राईम फेल्ट एण्ड एग्रो इण्डष्ट्रिज प्रा.लि. (प्रा.लि.नं.: ७३३६३)** कायम गर्ने गरी मिति २०७९/०७/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/२८**

**एन. नेपाल भाषा पाठशाला प्रा.लि.** को मिति २०७९/०९/१४ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सि.एल. इन्टरनेशनल ग्रुप प्रा.लि. (प्रा.लि.नं.: २१६८३३)** कायम गर्ने गरी मिति २०७९/०९/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/१०/२० मा दर्ता कायम भएको **भन्ज्याङ्ग रोधी घर रेष्टुरेण्ट एण्ड बार प्रा.लि. (दर्ता.नं. ८०२१७)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०९/२७ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **श्री N.M.S. Recruitment Service Pvt. Ltd. (Deurali Foreign Employment) (ई.प.नं. १५५६/०७८/०७९) काठमाडौं**ले साविक ठेगाना **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ९** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ०६, काठमाडौं** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## QATAR मा रोजगारको अवसर

कम्पनीः QUBAA
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०७/०२ | चलानी नं.: ६०१८९७२५ | LT. No.: 274050 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Clean Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ५०,०५० | | | | | | | |
| 3. | Tailors | 2 | 0 | | 1100 | ३९,३२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ahr Alliance
Govt. Licence: 690/063/064

**Alliance Human Resources Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4487850, 4494627 | Fax: 01-4462344
Email:- info@alliancenepal.com, cv@alliancenepal.com | www.alliancenepal.com


## Parshuram Municipality
## Office of Municipal Executive
**Jogbuda, Dadeldhura**

### Invitation for Bids

**Date of publication: 2079/09/28**

1. **Parshuram Municipality, Jogbuda, Dadeldhura** invites electronic bids from Nepalese eligible bidders for the construction of following contract under National Competitive Bidding procedures.

| S.N. | IFB No. | Description of Work | Est. Cost (Incl. VAT & PS) (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid. Document (NRs) |
|---|---|---|---|---|---|
| 1. | PM/NCB/Works/ 14/2079-080 | Construction of Madan Aashrit Aa. Vi. Sadghat Building, Parshuram-9 | 36,29,699.44 | 91,000 | 3,000 |
| 2. | PM/NCB/Works/ 15/2079-080 | Construction of Jyamirkhali Suwakhan Katauji Road, Parshuram-11 | 46,35,237.36 | 1,16,000 | 3,000 |
| 3. | PM/NCB/Works/ 16/2079-080 | Construction of Lipuna Sela Patal Nayal Budar Road Parshuram-9,10 & 11 | 28,96,578.39 | 73,000 | 3,000 |
| 4. | PM/NCB/Works/ 17/2079-080 | Construction Work at Parshuram Dham, Parshuram-5 | 19,31,466.68 | 50,000 | 3,000 |

2. Eligible Bidders may obtain further information at the office of **Parshuram Municipality, Jogbuda, Dadeldhura, Email: parshurammun@gmail.com, Phone No.: 096-411004, Mob. No.: 9860389896** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Nepal Bank Ltd.** **Office Account no.: 24403000001001000001**

   **Name of Office: Parshuram Municipality, Jogbuda, Dadeldhura**
4. Electronic bids must be submitted to the office of **Parshuram Municipality, Jogbuda, Dadeldhura** through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Noon on 2079/10/29** and bid shall be opened on the same date at **1:00 PM**.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

### Invitation of Electronic Bids

## Urlabari Municipality
## Office of Municipal Executive
**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2079/09/28 (12th of January 2023)**

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1. | URL-multiple-campus-Bldng-W-NCB-09-079/80 | " Construction of Administrative and Educational Building at Urlabari Multiple Campus, Urlabari-4" | 1,95,33,224.00/- | 488500.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# देवदह तालको संरक्षण गर्न गुरुयोजना तयार गरिने



**रेशम अधिकारी/मध्यान्ह**
नवलपरासी, २७ पुस

नवलपरासीको सुनवल नगरपालिका ७ तरगौलीमा रहेको 'देवदह ताल' को संरक्षण र विकासका लागि गुरु योजना तयार गरिने भएको छ ।

सुनवल नगरपालिकाका उपप्रमुख सूर्य प्रसाद दुबे, वडा अध्यक्ष नारायण आचार्यलगायतको पहलमा कोषका उपाध्यक्ष भिक्षु मैत्तय, कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण), सदस्य सचिव सानुराजा शाक्य, योजना प्रमुख सरोज भट्टराईसहितको टोलीले बुधबार ताल क्षेत्रको अवलोकन गर्दै गुरूयोजना बनाएर काम गर्नुपर्नेमा जोड दिएका छन् ।

अवलोकन पछि सुनवल नगरपालिका उपप्रमुख सूर्य प्रसाद दुबेले नगरपालिकाले ताल संरक्षणकालागि बजेट विनियोजन गरेको र प्राथमिकतामा राखेर काम गर्ने बताए । लुम्बिनी विकास कोषका उपाध्यक्ष मैत्तयले ताल संरक्षण समितिका पदाधिकारी र स्थानीय आमा समूहका प्रतिनिधिसँग कुरा गर्दै पहिलो चरणमा माताललाई बुद्ध सर्किटको नक्सामा राख्ने बताए । उनले ताल देवदह तालकालागि लुम्बिनी विकास कोषले आवश्यक काम गर्ने बताए ।

छलफलमा नवनिर्वाचित वडा अध्यक्ष नारायण आचार्यले सबैखाले काममा वडा कार्यालयले समन्वय गर्ने र विस्तृत योजना बनाएर तालको ऐतिहासिकता पुष्टि गर्दै संरक्षण र विकासको लागि आफूले काम गर्ने प्रतिबद्धता व्यक्त जनाए । 'हामीले गर्नुपर्ने सबै काम हामी गर्छौं, यसमा कोषले आवश्यक सहयोग गरिदिनुपर्यो' आचार्यले भने । उचित संरक्षणको अभावमा ताल ओझेलमा पर्दै आएको छ । तालमा प्रयाप्त पानी भएपनि जलकुम्बी र झारले तालको सुन्दरता छोपिएको छ । पर्यटकीय सम्भावना बोकेको तालको संरक्षण हुन नसक्दा पर्यटक भित्र्याउन सकिएको छैन । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सुनवल नगरपालिकाको ज्यामिरेबाट चार किलोमिटर दक्षिण तर्गौलीमा रहेको ताल क्षेत्रमा ऐतिहासिक साम्यमाई मन्दिर, बौद्ध गुम्बा सहितको हरियाली तथा रमणीय वातावरण रहेको छ ।

# चिसोले कठ्यांग्रिएर वृद्धको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ पुस

रौतहटमा चिसोले कठ्यांग्रिएर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कटहरिया १ भसेढवा टोलका ९० वर्षीय वृद्ध धेनुक साह कानु रहेका छन् । मंगलबार राति घरैमा सुतेका उनको चिसोले कठ्यांग्रिएर मृत्यु भएको कटहरिया नगरपालिका वडा नम्बर १ का अध्यक्ष भूपेन्द्र महतो कोइरीले जानकारी दिए । तराईमा विगत एक सातादेखिको शीतलहर कायमै रहेको छ । चिसोले जनजीवन कष्टकर बनेको छ । चिसोले गर्दा मानिसहरु बिरामी पर्न थालेका छन् । अत्याधिक चिसोले विशेष गरी कोल्ड डायरिया, दम, खोकीले सर्वसाधारणलाई सताएको चिकित्सकहरु बताउँछन् ।

गत सोमबार बिहानदेखि बाक्लो हुस्सु र चिसो हावाले एकाएक अत्याधिक चिसो बढेको छ । चिसोले खास गरेर विद्यालयका बालबालिका, जेष्ठ नागरिक, विपन्न गरिब मजदुर वर्ग बढी प्रभावित छन् । चिसोको मौसममा अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन चिकित्सहरुले सुझाव दिएका छन् । यसअघि चिसोले कठ्यांग्रिएर जिल्लाको यमुनामाई गाउँपालिका ५ झुनखुनवा टोल फतुवाका ७० वर्षीय वृद्ध लालमहम्द मियाँ कवारीको मृत्यु भएको थियो ।

# बेमौसममै फुल्यो स्याउ

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २७ पुस

मौसम परिवर्तन भएसँगै जिल्लाको सिमकोटको तापक्रम माइनस ९ डिग्रीसम्म पग्ने गरेको छ । तर पनि स्याउका बोटहरुमा ढकमक्क फूल फुलेको देख्न सकिन्छ ।

सिमकोट गाउँपालिका वडा ७ का किसान हिरा बहादुर शाहीले आफ्नो स्याउ बारीको पाँच वटा रुखमा फूल फुलेको भएपनि फल नलागेको बताए । छेउछाउको वन जंगलमा आगलागी हुनुका साथै समयमा पानी र हिउँ नपर्दा स्याउको बोटमा बेमौसममा फूल फुलेको उनले बताए ।

त्यस्तै सिमकोट गाउँपालिका वडा ६ की राधिका रोकायाको स्याउ बारीमा रहेका करिब दश बोटमा फूल फुलेको छ । बमौसममा फुलेको फूलले घरमा नराम्रो घटना हुने परम्परागत मान्यात रहेको उनले बताइन् । 'यो कुरा सबैले नबुजेर भनेका रैछन्, यो मौसम परिवर्तनका कारण हुने रैछ' उनले भनिन् ।


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचन कार्यक्रमसम्बन्धी तालिका

संघको मिति :२०७९/१०/६ गते हुने कार्यसमितिको निर्वाचनका लागि यस बमोजिमको निर्वाचन कार्यक्रम तय गरिएको जानकारी गराइन्छ ।

| निर्वाचन कार्यक्रम | मिति | समय | स्थान |
|---|---|---|---|
| मतदाता नामावली प्रकाशन | २०७९/९/२८ | बिहान १० बजे | संघको कार्यालय |
| मतदाता नामावलीमा दाबी | २०७९/९/२८ | बिहान १० देखि १ बजेसम्म | संघको कार्यालय |
| अन्तिम मतदाता नामावली प्रकाशन | २०७९/९/२८ | साँझ ५ बजे | संघको कार्यालय |
| उम्मेदवारी दर्ता | २०७९/९/२९ | बिहान ९ बजेदेखि १२ बजेसम्म | संघको कार्यालय |
| उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन | २०७९/९/२९ | दिनको १२:३० बजे | संघको कार्यालय |
| उम्मेदवारी उपर दाबी विरोध | २०७९/९/२९ | दिनको १२:३० देखि २:०० बजेसम्म | संघको कार्यालय |
| दाबी उपर बुझी निर्णय प्रकाशन | २०७९/९/२९ | दिनको ४:०० बजे | संघको कार्यालय |
| उम्मेदवारी फिर्ता | २०७९/९/२९ | दिउसो ४:०० देखि ५ बजेसम्म | संघको कार्यालय |
| उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०७९/९/२९ | साँझ ५:३० वजे | संघको कार्यालय |
| मतदान प्रारम्भ | २०७९/१०/६ | साधारण सभा पछि | अनुपम फुडल्याण्ड |
| मत गणना प्रारम्भ | २०७९/१०/६ | मतदान सम्पन्न भएपछि | अनुपम फुडल्याण्ड |
| निर्वाचन परिणाम घोषणा | २०७९/१०/६ | मतगणना सम्पन्न भएपछि | अनुपम फुडल्याण्ड |

**निर्वाचन समिति २०७९**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

## मलेसियामा रोजगारको अवसर |
कम्पनी : BIO WOOD E & R SDN BHD
शहर: PAHANG

पूर्व स्वीकृत मितिः २०७९/०८/१९ | चलानी नं.: ६०१९२७०९ | L.T. No.: 276547 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनीः AUTOKEEN SDN BHD — शहर:selangor

पूर्व स्वीकृत मितिः २०७९/०५/२७ | चलानी नं.: ६०१८७५८४ | LT. No.: 271726 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Morgen Global Hr Consultancy Pvt. Ltd.**
श्रम इजाजत पत्र नं. २११/०५७/०५८
Maharajung, Kathmandu, Nepal, Email: admin@morgenglobalhr.com
Tel.: 4416085, 4419885, Mob.: 9843817530, 9823275417

## मलेसियामा रोजगार |
कम्पनी : LEE WAH SAWNILL SDN BHD
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०९/२६ | चलानी नं.: ६०१९४८६१ | LT. No.:279085

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लिम्को ओभरसिज प्रा. लि.**
**LIMCO OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. ७९२/०६५/०६६
Koteshwor-35. Kusum Marg, Kathmadu, Nepal, Phone: 01-5199020, 5199526
Email us at: limco.hr@gmail.com, website; www.limco.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर
कम्पनी : Robusta Coffee Co. — शहरः Qatar, DOHA

पूर्व स्वीकृत मितिः २०७८/०९/२६ | चलानी नं.: ६०१९४८७६ | LT. No.: 279390

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 2 | 0 | स. काममा दक्ष | 1400 | ५०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np

## KUWAIT मा रोजगारको अवसर |
कम्पनीः HYGIENE PRODUCTS INDUSTRIES CO
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०९/२७ | चलानी नं.: ६०१९४८८३ | L.T. No.: 279254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging Labour / Helper / Labour (Indoor)male | 111 | 0 | स. काममा दक्ष | 90 | ३८,४२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mashareq International Overseas (P) Ltd.**
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५

## QATAR मा रोजगारको अवसर |
कम्पनीः AL MANA SERVICES W.L.L.
शहरः Doha

पूर्व स्वीकृत मितिः २०७८/१०/२५ | चलानी नं.: ६०१७४१४९ | L.T. No.: 257666 | पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 1 | 0 | | 1200 | ४२,९०० | | | | | | | |
| 3. | Electric | 2 | 0 | | 1200 | ४२,९०० | | | | | | | |
| 4. | Marble Technician | 2 | 0 | | 1500 | ५३,६२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु.७००/- कामदारले तिर्ने | रु.१,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**H. R. WORLD SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १४९३/०७४/०७५
Old Baneshowr -9 Kathmandu. Contact No: 4465793, 9807906144

## कतारमा रोजगारको अवसर |
कम्पनीः ANSAR GALLERY
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०९/२२ | चलानी नं.: ६०१९४८७२ | L.T. No.: 278954

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Administrative | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ६०,७७५ | | | | | | | |
| 3. | Electric | 1 | 0 | | 1100 | ३९,३२५ | | | | | | | |
| 4. | General Supervisor | 1 | 0 | | 3000 | १,०७,२५० | | | | | | | |
| 5. | Labour | 20 | 0 | | 1000 | ३५,७५० | | | | | | | |
| 6. | Presser | 1 | 0 | | 1000 | ३५,७५० | | | | | | | |
| 7. | Store Keeper | 1 | 0 | | 1900 | ६७,९२५ | | | | | | | |
| 8. | Supervisor | 3 | 0 | | 3000 | १,०७,२५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal Placement Agency Pvt. Ltd.**
श्रम इजाजत नं.: ३९०/०५९/०६०
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
Tel: 01- 4432999 01-4431239, 9851002903
Email: info@npajobs.com, Web.: www.npajobs.com

## यूएईमा रोजगारको अवसर |
कम्पनी : CARS TAXI LLC
शहर : Abu, Dubai

पूर्व स्वीकृत मितिः २०७८/०७/०४ | चलानी नं.: ६०१६५७२२ | L.T. No.:248972

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Duty Driver | 43 | 0 | स. काममा दक्ष | 1500 | ५३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ र ६ गते (19 & 20 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Ktm White Pearl H.R. Consultancy Pvt. Ltd.**
श्रम इजाजत नं.: १५३२/०७८/०७९
Shivapriya Marg, Sukedhara, Kathmandu, Tel : +977-5909824
Mob.: 9823322273, 9823753731, 9813648113, 9818565885, 9813501612
POKHARA :9846122400,9817184462,9856007772
BIRTAMODE : 9803774439, 9825952573, 9814974700
E-mail : whitepearlhrc@gmail.com Web : www.whitepearlhr.com

## UAE मा रोजगार |
कम्पनीः SUPER EXCEL BUILDING SERVICES LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०८/२७ | चलानी नं.: ६०१७०३३८ | LT. NO.: 253757 | पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 14 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Rope Access Cleaners (Level 1) | 10 | 0 | | 1600 | ५६,८८० | | | | | | | |
| 3. | Security Guard | 6 | 0 | | 1200 | ४२,६६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, फोनः ४३८७९९१, ४३८७९९२, ४३५४१०६
मो. नं. ९८०२०७०५१०, ९८०२०७०६२१,९८०१०३३९७० । Email: bhupal@siwakoti.com

## ओमनमा रोजगार |
कम्पनी : NASAYIM AL QUAYEAT TRADING
शहरः OMAN

पूर्व स्वीकृत मितिः २०७९/०९/२६ | चलानी नं.: ६०१९४८६४ | LT. No.:279180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist | 0 | 3 | सम्बन्धित काममा दक्ष | 170 | ५७,७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Meaker-up | 0 | 1 | | 170 | ५७,७८६ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**H.M.T. Overseas Pvt. Ltd.**
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9813792179, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171,

## UAE मा रोजगार |
कम्पनीः POWER BUILDING CLEANING SERVICES
शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०२१/०९/२७ | चलानी नं.: ६०१६३९७५ | L.T. No.: 246960 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Female) | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner (Male) | 62 | 0 | | 900 | ३१,९९५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com
Mobile: 9849835502, 9849913982, 9818106406, 9851168772, 9844594767



## बृन्दावन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर, रौतहट
मधेश प्रदेश, नेपाल

### आ.व. २०७९/०८० सालको लागि आन्तरिक आय ठेक्का सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

तेस्रो पटक प्रकाशित भएको मिति २०७९/०९/२८

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०७९ दफा १३ (१) अनुसार बृन्दावन नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकमा आर्थिक वर्ष २०७९/०८० का लागि नदीजन्य पदार्थको उत्खनन्, बिक्रि तथा निकासीको आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यस बृन्दावन नगरपालिकाको मिति २०७९/०९/२५ गते कार्यपालिका बैठकको निर्णयानुसार यस नगरपालिकाको EIA प्रतिवेदनमा उल्लिखित नदीको स्वीकृत घाटको निर्धारीत परिमाणको बोलपत्र फाराममा उल्लिखित ठेक्का विवरण तथा शर्तहरुको अधिनमा रही मूल्य अभिबृद्धि (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनीहरुबाट आ.व. २०७९/०८० का लागि नवीकरण भएको इजाजत पत्र र आ.व. २०७८/०७९ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु तथा उक्त फर्म कार्य गर्न योग्य भएको स्वघोषणा (Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर माछापुच्छे बैंक हर्षाहा शाखा खाता नं. ०७५००६५३९११००१३१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रित्तपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । साथै अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि यस बृन्दावन नगरपालिकाको वेबसाइट www.brindawanmun.gov.np मा हेर्न र डाउन्लोड गर्न सकिनेछ ।

| ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र र परिमाण | न्युनतम कबोल अंक वार्षिक रु. | बोलपत्र फारम दस्तुर रु. | धरौटी रकम रु. | जिल्ला भरीको नदिजन्य पदार्थ निकासी बिक्रि र संकलन दर रेट रु. |
|---|---|---|---|---|---|---|
| १/२०७९/०८० | बागमती नदिको रमौली नाकाको ढुङ्गा, गिट्टी, बालुवा, ग्रेभल | बागमती नदीको रमौली बैरिया घाट १, रमौली बैरिया घाट २ र भोटे टोल घाट नाकाको तोकिएको स्थानबाट ७५,८८७ घ.मि. | ३,०६,५८,५००।- | ३०००।- | कबोल अंकको ५% | ६.२५ प्रति क्यू.फिट (ठेकेदारले भ्याट १३% रकम थप गर्न पाउनेछ) |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ पुस २०७९, बिहीबार
12 January 2023, Thursday

## सम्पादकीय

# नबदलिएको सोंच

मुलुकले बुधबार सातै प्रदेशमा नयाँ मुख्यमन्त्री पाएको छ । प्रदेश १ मा एमालेका हिक्मतकुमार कार्की, मधेश प्रदेशमा जसपाका सरोज यादव, बागमती प्रदेशमा माओवादीका शालिकराम जम्कट्टेल, गण्डकीमा एमालेका खगराज अधिकारी, लुम्बिनीमा एमालेका लीला गिरी, कर्णालीमा माओवादीका राजकुमार शर्मा र सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा एमालेका राजेन्द्रसिंह रावल नियुक्त भएका छन् । बुझ्नुपर्ने विषय सात जना मुख्यमन्त्री मध्ये ६ जना एउटै समुदाय खस आर्य समुदायका छन् । मधेश प्रदेशमा मात्रै फरक समुदायका मुख्यमन्त्री छन् । मुलुकले संघीयता अंगीकार गर्दै गर्दा पहिचानको विषय निकै पेचिलो गरी उठेको थियो । सत्तामा सबै समुदायको समान पहुँच र उपस्थितिको विषय उठ्यो । जसलाई संविधानमा समेत लिपिवद्ध गरिएको छ । तर, नेतृत्वमा फेरि पनि एउटै समुदायको बर्चस्व देखा परेको छ ।

भूगोल र बसोबासका दृष्टिले सुदूरपश्चिम प्रदेशमा खसआर्यकै बाहुल्यता छ । तर, कर्णालीमा शाही ठकुरीहरू, गण्डकीमा गुरूङ, एक नम्बर प्रदेशमा राई, लिम्बुहरू र बागमती प्रदेशमा नेवार र तामाङ समुदायका मुख्यमन्त्रीहरू हुँदा त्यसले भूगोल, समुदाय र विविधता झल्काउँथ्यो । यो संघीयको मर्म र भावना अनुसारको पनि हुने थियो । तर, यसतर्फ दलहरूले ख्याल गरेनन् । तर, अब यो दृश्यलाई बदल्ने गरी मुख्यमन्त्रीहरूले काम गर्नुपर्नेछ । आफ्नो मन्त्रिपरिषद्लाई समावेशी बनाउनुपर्ने हुन्छ । लैंगिकताको विषयमा पनि मुख्यमन्त्रीहरूमा समावेशिता देखिन्न । एक जना पनि मुख्यमन्त्री महिला बनेनन् । ०७४ मा पनि एमाले र माओवादीले नै प्रदेश सरकारहरू बनाएका थिए । एक जना पनि महिलालाई प्रदेश सरकारको नेतृत्व नदिएको भनि आलोचना खेपेको थियो । त्यसलाई भुलेर फेरि दलहरूले नेतृत्वमा महिला पुऱ्याएनन् ।

साथसाथै, मुख्यमन्त्रीहरूले आधा कार्यकालको नेतृत्व गर्नुपर्ने अवस्था छ । नयाँ मुख्यमन्त्रीहरू पनि विगतको भन्दा जिम्मेवारीका दृष्टिले पछाडि रहेकाहरू छन् । अर्थात् शंकर पोखरेल, पृथ्वी सुब्बा गुरूङ, लालबाबु राउत, महेन्द्र बहादुर शाही, त्रिलोचन भट्ट जस्ता नेताहरू मुख्यमन्त्री बनेका छैनन् । संघीयता बुझेकाहरू नै प्रदेश प्रमुख हुँदा समेत प्रदेश अधिकार सम्पन्न हुन नसकेको आरोप विगतमा नेतृत्वले खेपेका छन् । यसपटक संघीय सरकार र प्रधानमन्त्रीसँग दह्रिलोसँग कुरा गर्न अप्ठ्यारो मान्नेहरू मुख्यमन्त्री भएका छन् । यसकारण प्रदेश सरकार विगतमा भन्दा थप बलियो, प्रभावकारी र सेवामुखी हुनेमा आशंका पैदा भएको छ । प्रदेशले आफ्नो अधिकार क्षेत्रभित्र गर्न सक्ने कार्यहरू समेत नगरेको आरोप विगतमा खेपेको छ । प्रदेश सरकारको कामकारबाही र भूमिकालाई लिएर यस संरचनामाथि प्रश्न उठाउनेहरू बढेका छन् । यसकारण यी सबै आशंका र आरोपहरूलाई चिर्नेगरी मुख्यमन्त्रीहरूले काम देखाउन सकुन् । नवनिर्वाचित मुख्यमन्त्रीहरूलाई यही शुभकामना ।

# शान्ति र आनन्दको बाटो


*शान्ति बाहिर छैन यो हामीभित्रै छ । यसलाई खोज्न पनि पर्दैन । शान्तिको लागि समझशक्ति बढाउनु पर्छ । यसलाई विचारको शुद्धता आवश्यक पर्छ । सामान्यरूपमा मान्छे जुन कुरा चाहन्छ, त्यसको बारेमा पनि सोच्दछ र जुन कुरा चाहँदैन त्यसको बारेमा पनि सोच्दछ । यति मात्र होइन नचाहिने नकारात्मक कुराहरूको बारेमा अलि बढी नै सोच्दछ । यसै कारणले शुभ कुरा कम र अशुभ कुरा बढी हुन्छ ।*

जीवन-दर्शन



● आचार्य श्री स्वामी ध्रुव

हामी सबैको जीवनमा शान्ति र आनन्दको धेरै महत्व छ । किनकि यसको बिना जीवनको कुनै मूल्य छैन । हामी सबै आ-आफ्नो क्षमता र समझले शान्ति र आनन्दको नै खोजी गरी रहेको हुन्छौ । कोही विषयानन्दमा डुब्छ, कोही प्रेमानन्दमा र कोही ब्रहमानन्दमा । यसको अनुसार विषयानन्द सबैभन्दा तलको स्थिति छ । किनकि यसमा क्षणिक र वासनायुक्त आनन्द मिल्छ । प्रेमानन्द यसभन्दा माथिको स्तर छ, किनकि यसमा विपरितलिंगीसँग देखि देशभक्ति र समाजसेवा पनि आउँछ । ब्रहमानन्द सबैभन्दा उच्च स्थिति छ । यसको सीधा सम्बन्ध भक्ति, भाव र ध्यान साधनासित छ । अब प्रश्न उठ्छ कि शान्ति र आनन्द कहाँ छ ? शान्ति बाहिर छैन यो हाम्रोभित्र छ । यसलाई खोज्न पनि पर्दैन । शान्तिको लागि समझशक्ति बढाउनु पर्छ । यसलाई विचारको शुद्धता आवश्यक पर्छ । सामान्यरूपमा मान्छे जुन कुरा चाहन्छ, त्यसको बारेमा पनि सोच्दछ र जुन कुरा चाहँदैन त्यसको बारेमा पनि सोच्दछ । यति मात्र होइन नचाहिने नकारात्मक कुराहरुको बारेमा अलि बढी नै सोच्दछ । यसै कारणले शुभ कुरा कम र अशुभ कुरा बढी हुन्छ ।



महाज्ञानी खप्तड बाबाले 'विचार विज्ञान' नामक पुस्तकमा भन्नुभएको छ, "विचारमा एकाग्रता हुन जरुरी छ । यसैले एकाग्रतापूर्वक जुन कुराको विचार गर्छौं, त्यसमा तिमीलाई सफलता अवश्य होला । तिम्रा मनमा जस्ता विचार उत्पन्न हुन्छन्, उस्तै नै कार्यमा तिमी प्रवृत्त हुन्छौ । तिम्रा सब कार्य विचारहरुमाथि निर्भर छन् । विचारहरुको परिणामबाट तिमी कहिल्यैपनि बच्न सक्दैनौ ।"

संसारमा एकाग्रता र शान्तिले गर्दा सफल हुन नसक्ने कुनै कामै छैन, आत्मिक शक्तिलाई सावधानी र बुद्धिमानीले उपयोगमा ल्याउँदा प्राप्त हुन नसक्ने कुनै पदार्थ नै छैन् । यसैले सदैव आफ्नो मनमा उत्तम विचार ल्याएको खण्डमा ती विचार शीघ्र नै बाह्य जीवनमा उत्तम अवस्थाहरुका रूपमा प्रकट हुनेछन् । सदैव शुद्ध विचार गर्नाले नै आत्मशक्ति र सर्वज्ञता प्रकट हुन्छ भन्ने कुरा निश्चय छ । अल्पज्ञान हुनाले प्रायः मलिन र अशुद्ध विचार आउँछ । यसैले शुद्ध र उत्तम विचार गर्ने नै अभ्यास गर्नु आवश्यक छ । शान्तिको सिधा सम्बन्ध शुद्ध भाव, उच्च समझ र सकारात्मक सोचसँग छ । शान्तिको लागि यसको बिना कल्पना पनि गर्न सकिँदैन । व्यक्ति परिवारको अंग छ, परिवार समाजको अंग छ र समाज नै देश छ । यस कारण शान्ति व्यक्तिदेखि नै शुरु हुन्छ । एक सुखी र आनन्दित व्यक्ति नै परिवारमा शान्ति दिन सक्छ । महात्मा बुद्ध भन्नु हुन्थ्यो- अनुशासनहीन मनभन्दा उदण्ड अरु केही छैन । त्यस्तै अनुशासित मनभन्दा अरु आज्ञाकारी र राम्रो कुरा केही छैन । शान्ति र आनन्दको लागि केही आवश्यक कुरा ध्यानमा राखे भने निश्चितरूपमा शान्ति र आनन्द प्राप्त गर्न सकिन्छ ।

### शुद्ध भाव

जीवनमा शान्ति प्राप्तिको लागि शुद्ध भाव राख्न जरुरी छ । एक जना होइन, दुई जना होइन, सबै मान्छेप्रति शुद्ध भाव राख्न जरुरी छ । सामान्य स्थितिमा शुद्ध भाव राख्न गाह्रो हुन्छ होला तर, कठिन छैन । कम समझको व्यक्तिलाई यो लाग्न सक्छ कि शुद्ध भाव राख्नमा कुनै लाभ हुँदैन । अशुद्ध भाव सबैभन्दा पहिला त्यसै व्यक्तिलाई नोक्सान पुऱ्याउँछ । यसैकारण आफ्नो बारेमा पनि शुद्ध भाव राख्नुपर्छ । जसरी कुनै रोग छ वा कुनै समस्या छ भने यसको बारेमा सबैलाई पटक–पटक भन्नु हुँदैन । साथै, यो पनि सोच्नु हुँदैन र कि यो रोग ठीक हुँदैन । किनकि यसको पनि नराम्रो प्रभाव शरीर र मनमाथि पर्छ । सामान्य चेतनाको मान्छेहरु जहिले पनि काम, कोध, लोभ, मोह, ईर्ष्या र द्वेषको प्रभावमा रहन्छन् । यस कारण यिनीहरुको भाव कहिले पनि शुद्ध हुँदैन ।

काम, क्रोध, लोभ, मोह, ईर्ष्या र द्वेष यो मानवको छ वटा शत्रु छ । यो छ वटा कुराले गर्दा मानवको जीवन निराशा र अशान्तिको सागरमा डुली रहन्छ । गीतामा भगवान श्री कृष्णले भन्नु भएको थियो, सबै व्यक्ति उच्च समझ वाला छ, जसले माथिको छवटा शत्रुमाथि नियन्त्रण राख्दछ । उच्च समझ नभएको कारणले व्यक्तिको विवेकमाथि अज्ञानता र अहंकारमाथि हावी रहन्छ । जसले गर्दा दुःख र अशान्तिमा वृद्धि हुन्छ ।

### सकारात्मक सोच

हुनत सकारात्मक सोच धेरै नै कठिन कुरा हो । तर जुन बेलासम्म बुझ्नु हन्न त्यसबेलासम्म मात्र कठिन लाग्छ । सकारात्मक सोच र नकारात्मक सोच कुनै अलग कुरा होइन । यो एउटा स्थिति हो । समझ, परिस्थिति र अनुभवको आधारमा मान्छेहरु यसको बेग्ला-बेग्लै व्याख्या गर्दछ । सामान्यरूपमा सकारात्मक सोचको मतलब जुन पनि कुरा जीवनमा घट्दछ अनुकूल वा प्रतिकूल सबैको बारेमा यो विचार राख्नुपर्छ कि यो मेरो कल्याण र विकासको लागि हो । यसैलाई गीतामा भगवान श्री कृष्ण भन्नु हुन्छ, "कि जुन कुरा भयोराम्रो भयो, जुन कुरा भइरहेछ राम्रोका लागि भइरहेछ तथा जे हुन्छ राम्रोका लागि हुन्छ ।" यसैलाई महात्मा बुद्ध भन्नु हुन्थ्यो, "जीवनको सबै कुराको प्रति स्वीकारभाव राख्नुपर्छ । किनकि जुन कुरालाई मनले अस्वीकार गर्छ त्यसै कुराले हामीलाई दुःख र तनाव दिन्छ ।"

### गलत समझ

एउटा प्रवचनको कार्यक्रममा पंक्तिकारले एउटा कहानी सुनेको थियो । ब्रहमाजी जब दुनिया बनाउनु भयो, त्यो बेला सबै कुराहरुको रचना भएपछि अन्तमा ब्रहमाजीले मान्छे बनाउनु भो । मान्छे बनाउँदा खेरि सबैको कानमा यो कुरा पनि भन्नु भयो कि "यू आर परफेक्ट" । सबैलाई लाग्न थाल्यो कि यो कुरा मलाई मात्र भन्नु भएको छ । त्यही बेलादेखि सबै मान्छेलाई लाग्न थाल्यो कि म नै परफेक्ट छु, बाँकी सबै परफेक्ट छैनन् । त्यो बेलादेखि सारा दुनिया यस भ्रमको शिकार छ । यसै कारण हामी आफ्नो कुनै पनि गल्ती देख्दैनौ । जहिले पनि अर्कामा गल्ती खोज्छौं । अर्कामा सुधार गर्न खोजी रहन्छौं । आफ्नो सानोभन्दा सानो समस्याको सुधार हुँदैन तर, प्रधानमन्त्रीहरुलाई सलाह दिइरहन्छौं । जसरी पानीको स्वभाव तल झर्नु हो त्यस्तै दियाको लौ माथि जानु हो । यसै प्रकार मनको पनि स्वभाव हो तल झर्नु हो । सामान्यरूपमा मनमा शुद्ध र राम्रो विचार उत्पन्न हुँदैन । यहीँबाट शुरु हुन्छ मनको दुःखको दुनिया । जसरी हाम्रो मनस्थिति अशान्तिको लागि जिम्मेवार छ, त्यस्तै अर्का व्यक्ति पनि हाम्रो अशान्तिको लागि जिम्मेवार छ । अतः नाता गोतामा पनि एक अर्काको कमी कमजोरीको तर्फ ध्यान नदिएर सरलतापूर्वक बस्नुपर्छ ।

जीवनको सबैभन्दा महँगो चीज हो; हाम्रो वर्तमानको समय । किनकि यो एक चोटी गएपछि सम्पूर्ण संसारको सम्पत्ति पनि यसलाई खरीद गर्न सक्दैन । दुनियाको सबै धर्मशास्त्र, आध्यात्मिक दर्शन र महाज्ञानी गुरुहरु संसारलाई एउटै कुरा सिखाउनु हुन्छ, त्यो हो समझ । यही समझ नभएको कारण जीवनमा असन्तुलन, अशान्ति र अस्वस्थ्यको सामना गर्नुपर्छ ।

### सांसारिक बौद्धिकता

सांसारिक बौद्धिकता अहंकारबाट प्रेरित हुन्छ । अहंकार शुद्ध अज्ञानता हो । यो मानव जीवनको अभिशाप पनि हो । सांसारिक बौद्धिकताको शिकार मान्छे आफूलाई महाज्ञानी ठान्दछ । अर्कालाई अज्ञानी ठान्दछ । सबै कुरामा विवाद र जिद्दी गर्दछ । मनोवैज्ञानिकहरुको अनुसार मानवमा एउटा हीनताको ग्रन्थी हुन्छ । जसले गर्दा जुनबेला पनि आफूलाई अर्काभन्दा धेरै श्रेष्ठ (सुपर) र अर्कालाई हीन ठान्दछ । त्यसैबाट प्रेरित भएर कार्य पनि गर्छ । गल्ती गर्छ तर, सिक्दैन । त्यो गल्ती पटक-पटक गर्छ । जसको पनि गल्ती निकालिरहन्छ । सबैमा सुधार गर्न चाहन्छ । आफै केही गर्दैन तर, सबैलाई आलसी ठान्दछ । सांसारिक बौद्धिकताको वास्तविकतासित केही सम्बन्ध हुँदैन ।

### आध्यात्मिक बौद्धिकता

आध्यात्मिक बौद्धिकता विवेकबाट प्रेरित हुन्छ । हामीमाथि विवेकको शासन हुनुपर्छ । हुनत विवेकको लाभ सबै मान्छे लिन सक्दैन तर, जुन मान्छे विवेकको उपयोग गर्दैन, त्यो आध्यात्मिक हुन सक्दैन । विवेक भनेको सरलता, धैर्यता र विनम्रता हो । त्यो सबै मान्छे आध्यात्मिक बौद्धिकताको लाभ लिन सक्छ, जसले आफनो मनमाथि नियन्त्रण राख्दछ ।

यस बाहेक शान्ति र आनन्दको लागि केही कुरामा ध्यान दिनुपर्छ । कुनै पनि कुरालाई धेरै नै एनालिसिस (विश्लेषण) गर्नु भयो भने यो दिमागलाई प्यारालाइसिस बनाई दिन्छ । सांसारिक जीवनमा पूर्णता प्राप्त हुँदैन तर, पूर्णता प्राप्तिको लागि सधैँ प्रयास गर्नु भो भने उत्कृष्टता अवश्य प्राप्त हुन्छ । मैदानमा हारेको मान्छे फेरि जीत्न सक्छ तर, मनले हारेको व्यक्ति कहिले पनि जित्न सक्दैन । कति दिनसम्म हामी यस पृथ्वी ग्रहमाथि रहन्छौं थाहा छैन तर, एकदिन रहँदैन यो कुरा सबैले थाहा छ । तपाई जति पनि राम्रो हुनुहुन्छ तर, पनि लोक निन्दाबाट बच्न सक्नु हुन्न ।

*(लेखक माइन्ड म्यानेजमेन्ट इन्टरनेशनलको निर्देशक हुन् ।)*

## सामाजिक सञ्जाल



**- हरिकृष्ण शाक्य**

के नेपाल विस्तारै सामन्ती राज्य व्यवस्था तिर फर्किन लागेको हो ? पृथ्वीनारायणको जन्म जयन्ती पारेर प्रचण्डको गोरखा भ्रमण, पृथ्वी नारायण शाहको शालिक सेनापतिद्वारा उद्घाटन, सेनाले गोर्खादेखि काठमाडौंसम्म पदयात्रा । यता संसदमा कुनै विपक्षी दल नहुनु आदि संयोग मात्र होइन । दालमा कुछ काला है ।



**- पुरुषोत्तम ढुंगेल**

पढे लेखेकाहरूको सम्बोधन शैली र अनपढको सम्बोधन शैलीमा आकाश जमीनको फरक हुन्छ । अनपढले विद्वानहरूको बिचमा सम्बोधन गर्दा प्रायजसो मनको कुन्ठा मात्र ओकलीरहेको हुन्छ वा कुरालाई कुतर्क शैलीले प्रस्तुत गरिरहेको हुन्छ । अनपढले तालिको बिचमा आफूले राम्रै बोले भन्ने हुन्छ र सधैं नै त्यस्तै बोल्छ ।



**- कल्याण गुरुङ**

वर्तमान सरकारलाई 'विश्वासको मत दिने' नेपाली कांग्रेसको निर्णय उचित, दूरगामी, लोकतान्त्रिक र राजनीतिक निर्णय हो । नेपाली कांग्रेसले नेपाल, नेपाली, लोकतन्त्र र नेपाली कांग्रेसको 'भविष्य'लाई हेरेर यो निर्णय गरेको हो । निकट भविष्यमा यसको 'सकारात्मक प्रभाव' नेपालको राजनीतिमा देखिनेछ ।



**- सेतेमान तामाङ**

गठबन्धन भत्काउन ओलीको छापामार शैलीमा हानेको गोल पोलमा ठोकियो । ओलीले गोल गरी आफू रेफ्री बन्ने सपनामा थिए तर, देउवाले अन्तिम छड्के गोल प्रहार गर्ने प्रयत्न पो गर्दैछ । फेरि पिकेको कोटमा बल पुगेको छ । अब पिकेले जसको पक्षमा पेनाल्टी गोल हुनेगरी दिन्छ, उसले गोल गरिन्छ । अहिले न मेस्सी, न एमपब्बे ।



**- ओमकुमार थापा**

भ्रष्टाचार नियन्त्रण र कारबाही, सुशासन र विकास, महँगी नियन्त्रण र बजार अनुगमन जस्ता विषयमा सबै पार्टीहरूको मत एक हुन सक्दैन तर, सत्ताको रासलिलामा नाच्न सबै एक हुन्छन् । किनकि राजनीतिभन्दा फोहोरी र गन्धा खेल सायद यो दुनियाँमा बनेकै छैन । राजनीतिमा न ईमान छ, न नैतिकता छ, न त कुनै ईख नै छ ।

# प्रतिपक्षविहीन संसद

विचार



● खिमराज गिरी

*हुन त प्रतिनिधिसभाको बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवाले फेरि पनि प्रतिगमनविरूद्व र संविधानको रक्षाको खातिर प्रधानमन्त्री प्रचण्डलाई समर्थन गर्नुपरेको बाध्यता व्यक्त गरेका थिए । उनले जे भनेता पनि विगतको इतिहासलाई हेर्ने हो भने कांग्रेसले सत्ता बाहिर बस्दाको पीडा सहन सक्दैन, बरू अप्रजातान्त्रिक शक्तिहरूसँग पनि साँठगाँठ गरी नै रहन्छ ।*

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई नेपाली कांग्रेसले पनि विश्वासको मत दिएसँगै अहिले संसद प्रतिपक्षबिहीन भएको छ । जम्मा २७० सांसदको उपस्थितिमा बसेको प्रतिनिधिसभाको उक्त बैठकमा प्रचण्डलाई २६८ सांसदको समर्थन थियो । यसरी प्रधानमन्त्री प्रचण्डलाई जनमोर्चा र नेमकिपाबाहेक सबै दलले समर्थन गरेका छन् । तीन प्रतिशत सांसद सदस्य संख्या नभएकोले यी दलहरु प्रतिपक्ष बन्न कानुनी हैसियतका हुने छैनन् । उता संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुबिधासम्बन्धी ऐन, २०७३ बमोजिम कांग्रेसका सभापति शेरबहादुर देउवा प्रतिपक्ष दलका नेता हुन अयोग्य भइसकेका छन् । उक्त ऐनको दफा २ (ङ) अनुसार "विपक्षी दलको नेता भन्नाले मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलबाहेक प्रतिनिधिसभा र राष्ट्रियसभामा १० प्रतिशत सदस्य संख्या भएका दलहरुमध्येमा सबैभन्दा ठूलो दललाई सम्झनु पर्दछ ।" यसर्थ, पनि कानुनविद्हरुका अनुसार देउवा अब प्रतिपक्षदलका नेता हुन् लायक छैनन् र पाउने सेवा सुविधा, संवैधानिक परिषद्मा समेत भाग लिन नपाउने भएका छन् ।


कांग्रेसको कार्यसम्पादन समितिको बैठक बस्नु अघिसम्म गगन थापा र विश्वप्रकाश शर्मालगायतका केही युवा नेताहरुको सरकारमा जान नहुने विरोधाभास धारणा हुँदाहुँदै पनि पछि कांग्रेसले समर्थन गर्नुको पछाडि कतै सत्तालिप्साको पराकाष्टा त होइन भन्दै अहिले विभिन्न समाचार माध्यामहरुमा व्यापकता छाएको छ । हुन त, ०५१ सालको मनमोहन अधिकारीको सरकारलाई पनि कांग्रेसले समर्थन गरेको थियो तर, सत्ता दोहनकै कारण जीवनको अन्तिम क्षणमा अस्पतालमा छटपटाइरहेका प्रधानमन्त्री मनमोहन अधिकारीमाथि अविश्वासको प्रस्ताव थोपर्ने पनि यिनै कांग्रेसका नेताहरु भएकाले अहिलेको यो परिस्थितिमा प्रचण्डले बिगतको कांग्रेससँगको गठबन्धन तोडेर एमालेलगायत अन्य दलसँगको सहकार्य अगाडि बढाएकाले यस्तो परिस्थितिमा कांग्रेसले पनि समर्थन गर्नुको पछाडि सत्तास्वार्थको माखेसांग्लो थापेको त होइन भन्ने प्रश्न उब्जीएको छ । कतै विदेशी प्रभुको खेलको लागि मैदानमा दर्शकको भीड जम्मा गरिएको त होइन भन्नेमा पनि विभिन्न क्षेत्रबाट शंका आंशकाहरु उत्पन्न भएका छन् ।

प्रधानमन्त्रीको विषय तत्कालका लागि टुंग्याइएको भएपनि अहिले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखलगायतका पदबारे टुंगो लागेको छैन । कतै राष्ट्रपतिको भागबन्डामा कांग्रेसको लिप्सा ढुल्मुलाएको त होइन ? हुन त, प्रतिनिधिसभाको बैठकमा कांग्रेस सभापति देउवाले फेरि पनि प्रतिगमनविरुद्व र संविधानको रक्षाको खातिर हामीले प्रधानमन्त्री प्रचण्डलाई समर्थन गर्नुपरेको बाध्यता व्यक्त गरेका थिए । उनले जे भनेता पनि विगतको इतिहासलाई हेर्ने हो भने कांग्रेसले सत्ता बाहिर बस्दाको पीडा सहन सक्दैन बरु अप्रजातान्त्रिक शक्तिहरुसँग पनि साँठगाँठ गरी नै रहन्छ । उदाहरण बिगत र अहिले राप्रपा र माओवादी केन्द्रसँगको मेलमिलापले पनि देखाइसकेको छ । हुन त, अन्य ठूला दलहरुमा पनि सत्ताबिमुख हुँदाको परिस्थिति भिन्न देखिने नै थियो ।

जे होस् अहिलेको सरकार गठनमा विपक्षी ठूलो दल कांग्रेसको समर्थन कुनैपनि दल र नेताको लागि भूँइको टिप्छुभन्दा पोल्टाको नपोखियोस् । "सुखी र नेपाली समृद्ध नेपालको" नाराले पनि सार्थकता पाओस् । सबैभन्दा पहिलो प्राथमिकतामा स्वास्थ्य, शिक्षा, रोजगारी तथा भ्रष्टाचार नियन्त्रणलाई राखी सुशासनको प्रत्याभूति जनताले पाउन सकुन् । तर, फेरि पनि सत्ता साझेदार, भागबन्डा र कुर्चीको लडाईमा नै दलहरु रुमलिने र प्रतिपक्षको सशक्त भूमिकामा कुनैपनि दल रहन नसक्ने हो भने सुशासनको प्रत्याभूति अवलम्बन हुनेमा अझै पनि जनतामा शंका गर्ने ठाउँ प्रशस्तै उत्पन्न भएको छ । हुन त, जनताले सही पहिचान गरेको भए आज फेरि पनि देशको राजनीतिमा यस्तो खिचडीको खेल किन हुन्थ्यो र ? तैपनि, आगामी पाँच वर्षपछिको चुनावमा जनताले विकल्प खोज्दा यस्तै परिस्थितिको सिर्जना नहोस् । राजनीति फेरि उस्तै सकसको भूमरीमा नफसोस् । जनताले मतमार्फत स्पष्ट व्यक्त नगरेपनि राजनीतिक स्थायीत्व सबैको चाहना होस् । त्यसका लागि सत्तामा पनि गठबन्धन प्राकृतिक खालको हुनुपर्छ । मुद्दा मिल्ने दलहरुबीच सहकार्य हुनुपर्छ र देशलाई निकास दिनुपर्छ ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | दैनिक कार्य सफल हुनेछ । सन्तान सुख प्राप्त हुन्छ । |
| वृष | : | कार्यमा प्रगति हुन्छ । आकस्मिक धनलाभको योग छ । |
| मिथुन | : | मुकदमासम्बन्धी समस्याको योग छ । धेरै लाभको कामना गर्नु हुँदैन । |
| कर्कट | : | सबै कार्यमा सावधानी राख्नुपर्छ । शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| सिंह | : | व्यापारिक पक्ष सुदृढ हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्छ । |
| कन्या | : | नाता-गोतासँग मनमुटाव रहन्छ । हतारमा कुनै निर्णय नलिनु होला । |
| तुला | : | राजनैतिक समारोहमा सहभागी हुनु पर्नेछ । भूमि लाभ हुन्छ । |
| वृश्चिक | : | प्रसन्नता प्राप्त हुनेछ । यात्रा सफल र सुखद रहन्छ । |
| धनु | : | धैर्य राख्नुपर्छ त्यस पछि सफलता मिल्छ । विरोधी सक्रिय हुन्छ । |
| मकर | : | विधाथीहरुको लागि शुभ समय छ । प्रशस्त मात्रामा धन कमाउनेछ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ हुन्छ । सम्मानमा वृद्धि हुन्छ । |
| मीन | : | पारिवारिक विवाद अशान्ति पैदा गर्छ । रुकावट पछि प्रगति हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# पेरुमा प्रहरीलाई ज्युँदै जलाइयो



**काठमाडौं/एजेन्सी-** पेरुमा सरकार विरोधी प्रदर्शनले हिंसात्मक रूप लिँदै गएपछि एक जना प्रहरी अधिकृतको ज्युँदै जलाएर हत्या गरिएको छ । पूर्व राष्ट्रपति पेड्रो कास्टिलोलाई अपदस्थ गरेपछि भड्किएको हिंसात्मक प्रदर्शनमा ४७ जना मारिएका छन् ।

एक जना सहकर्मीका साथ गस्तीमा रहेका २९ वर्षीय जोसे लुइस सोनको क्विस्पेलाई सोमबार राति बोलिभिया र टिटिकाका तालको सिमानामा रहेको सहर जुलियाकामा भीडले आक्रमण गरेर उनीहरूको गाडीमा आगो लगाएको थियो ।

करिब तीन सय ५० जना आक्रमणकारीले आफूहरूमाथि आक्रमण गरेका सोनका सहकर्मी रोनाल्ड विलासान्टे टोकले बताएका छन् । गम्भीर घाइते भएका उनले आफ्ना साथीको अवस्थाबारे आफूलाई जानकारी नभएको बताए । लिमास्थित अस्पतालमा उनको उपचार भइरहेको छ ।

प्रधानमन्त्री अल्बर्टो ओटारोलाले सोनकोको मृत्युको पुष्टि गर्दै सरकार प्रदर्शनकारीले उनीमाथि आक्रमण गरेको बताएका छन् ।

यसैबीच पेरुका राष्ट्रपति डिना बोल्वार्टेमाथि सरकार विरोधी प्रदर्शनमा दमन गरेको अभियोगमा अनुसन्धान थालिएको छ । गत डिसेम्बरदेखि भएका सरकार विरोधी प्रदर्शनमा कम्तीमा ४० जना मारिएपछि राष्ट्रपतिको भूमिकालाई लिएर छानविन थालिएको हो ।

प्रदर्शनकारी र सुरक्षाकर्मीबीच सोमबार भएको झडपमा १८ जनाको मृत्यु भएपछि मंगलबार हिंसात्मक प्रदर्शन दबाउन सरकारले दक्षिणी पुनो क्षेत्रमा निषेधाज्ञा (कर्फ्यु) आदेश जारी गरेको छ ।

अपुरिमक, ला लिबर्टाड, पुनो, जुनिन, अरेक्विपा र अयाकुचो क्षेत्रमा सरकार विरोधी प्रदर्शनका क्रममा भएका दमनमा राष्ट्रपतिको भूमिकालाई लिएर अनुसन्धान भइरहेको सरकारी अभियोजन कार्यालयले जनाएको छ । डिसेम्बर ७ मा पूर्वराष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले बोल्वार्टेविरुद्ध आन्दोलन गर्दै आएका छन् ।


## कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धी सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७६/०९/१८ को निर्णयानुसार यस संबृद्धि इङ्गलिस बोर्डिङ्ग स्कूल मोरङ्ग प्रा.लि. कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **हिमालय इङ्गलिस स्कूल मोरङ्ग प्रा.लि.** (Himalaya English School Morang Pvt. Ltd.) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने र साबिक रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी मोरङ्ग जिल्ला, सुन्दर हरैचा न.पा. वडा नं. १० मा स्थानान्तरण गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हिमालय इङ्गलिस स्कूल मोरङ्ग प्रा.लि.**
**(Himalaya English School Morang Pvt. Ltd.)**
**(प्रा.लि. नं.: १४५१०२/०७२/०७३)**
**मोरङ्ग जिल्ला, सुन्दर हरैचा न.पा. वडा नं. १०**



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
गढवा शाखा, गढवा गाउँपालिका, दाङ
सम्पर्क फोन: +९७७-०८२-४१०१०९

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री चन्द्र थारु कुमालकी नातिनी, लबरु थारु कुमालकी छोरी, लुम्बिनी प्रदेश दाङ जिल्ला, गढवा गाउँपालिका वडा नं. ९ हाल गढवा - ३ बस्ने ६५ वर्षकी श्रीमती कृष्ण कुमारी चौधरीको मिति २०७९/०६/०२ (ई.सं. १८/०९/२०२२) मा मृत्यु भएकोले स्व. कृष्ण कुमारी चौधरीकी पति हाल गढवा - ३ बस्ने श्री कुलरु प्रसाद कुम्हाल चौधरीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको गढवा शाखा, गढवा गाउँपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

२५ अठोट
CareEdge CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि



## कुमारी बैंक लिमिटेड, शाखा कार्यालय बाबियाचौर, सुर्खेतको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय बाबियाचौर, सुर्खेतबाट तपसीलमा उल्लिखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल व्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा तथा सोमा लाग्ने व्याज, पेनल व्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखदिएको तपसीलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न १५ (पन्ध्र) दिने लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन: लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात **मिति २०७९ माघ १३ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा बैंकको शाखा कार्यालय बाबियाचौर, सुर्खेतबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायको शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

**तपसील**

**१. ऋणीको विवरण:**
जसमान परियारको नाति, गोपाल परियारको छोरा बाँके जिल्ला, सीतापुर वडा नं.०७ बस्ने **अर्जन परियार** (ना.प्र.नं.१५२०६ मिति २०६०/०८/१५, जि.प्र.का. बाँके) ।

**ब्यक्तिगत जमानीकर्ताको विवरण:**
१. पहलमान नेपालीको छोरी, गोपाल परियारको बुहारी, अर्जन परियारको पत्नी बर्दिया जिल्ला, गुलरिया वडा नं.०८ बस्ने **शारदा नेपाली** (ना.प्र.नं.२/७१९५ मिति २०५५/१२/२५, जि.प्र.का. बर्दिया) ।

**लिलाम हुने सम्पत्तिहरुको विवरण:**
१. **अर्जन परियार**को नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा., वडा नं.१६ स्थित कित्ता नं.४२ को क्षेत्रफल १६९.३० व.मी.को घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पुर्ण लिगलागापातहरु समेत ।

**२. ऋणीको विवरण:**
गुमान सिंह दमाईको नाति, राम सिंह दमाईको छोरा, बर्दिया जिल्ला, जमुनी वडा नं.०६ बस्ने **दिलबहादुर दमाई** (ना.प्र.नं.१३५७ मिति २०४२/०५/०५, जि.प्र.का. बर्दिया) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. राम सिंह दमाईको नाति दिल बहादुर दमाईको छोरा, बाँके जल्ला, नेपालगञ्ज वडा नं.०१ बस्ने **खिमबहादुर रतन** (ना.प्र.नं.६६१०९९/४४९२ मिति २०६८/१२/२८, जि.प्र.का. बर्दिया) ।

**धितो सुरक्षणको विवरण:**
१. **दिलबहादुर दमाई**को नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा., वडा नं.१६ स्थित कित्ता नं.४१ को क्षेत्रफल १६९.३० व.मी.को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापतहरु समेत ।

**३. ऋणीको विवरण:**
गोरे बहादुर दमाईको नाति, बिर बहादुर दमाईको छोरा, बाँके जिल्ला चिसापानी वडा नं.०५ बस्ने **गोर्ख बहादुर परियार** (ना.प्र.नं.२३५९७ मिति २०६३/०७/२६, जि.प्र.का.बाँके) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. सिद्धलाल नेपालीको नातिनी, पहलमान नेपालीको छोरा, बर्दिया जिल्ला,गुलरिया वडा नं.०८ बस्ने **संगिता नेपाली** (ना.प्र.नं.२५१००१/४२२ मिति २०६४/०६/१३, जि.प्र.का. बर्दिया) ।

**धितो सुरक्षणको विवरण:**
१. **गोर्ख बहादुर परियार**को नाममा मा.पो.का.बाँकेमा दर्ता कायमरहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा.वडा नं.१६ स्थित कित्ता नं.४९ को क्षेत्रफल १४८.५० व.मी को घर/जग्गातथा सोको सम्पूर्ण लिगलगापतहरु समेत ।

**४. ऋणीको विवरण:**
डुमे तिरुवाको नातिनी, तेज बहादुर तिरुवाको छोरी, बर्दिया जिल्ला सोरहवा वडा नं.०३ बस्ने **लक्ष्मी तिरुवा** (ना.प्र.नं.६५३०१२/६१७ मिति २०६३/११/१९, जि.प्र.का. बर्दिया) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. गुमान सिंह दमाईको नाति, राम सिंह दमाईको छोरा, बर्दिया जिल्ला,जमुनी वडा नं.०६ बस्ने **बिर बहादुर नेपाली** (ना.प्र.नं १४२९ मिति २०४४/१२/२१, जि.प्र.का बर्दिया) ।

**धितो सुरक्षणको विवरण:**
१. **लक्ष्मी तिरुवा**को नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा., वडा नं.१६ स्थित कित्ता नं.५० को श्रेत्रफल १४८.५० व.मी को घर/जग्गा तथा साको सम्पूर्ण लिगलगापातहरु समेत ।

**५. ऋणीको विवरण:**
राम सिंह दमाईको नातिनी, बिर बहादुर नेपालीको छोरी, बाँके जिल्ला, नेपालगञ्ज वडा नं.०१ बस्ने **सोनु रतन** (ना.प्र.नं.६६-०१-७२-०८१७८ मिति २०७२/१२/२१, जि.प्र.का. बाँके) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. बिर बहादुर नेपालीको बुहारी, चेत बहादुर खत्रिको छोरी, सोलुखुम्बु जिल्ला, गमा वडा नं.०४ ठेगाना भई बाँके जिल्ला, नेपालगञ्ज वडा नं.०१ बस्ने **सुमित्रा के.सी.** (ना.प्र.नं.११/०१/७१/००५६७ मिति २०७१/०२/०९, जि.प्र.का सोलुखुम्बु) ।

**धितो सुरक्षणको विवरण:**
१. **सोनु रतन**को नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला,नेपालगञ्ज न.पा., वडा नं.१६ स्थित कित्ता नं.४५को क्षेत्रफल १६९.३० व.मी को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापतहरु समेत ।

**६. ऋणीको विवरण:**
राम सिंह दमाईको नातिनी, दिलबहादुर दमाईको छोरी, बाँकेजिल्ला, नेपालगञ्ज वडा नं.०१ बस्ने **तुलसी रतन** (ना.प्र.नं.६६-०१-७२-०८१८३ मिति २०७२/१२/२१, जि.प्र.का.बाँके) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. गुमान सिंह दमाईको नाति,राम सिंह दमाईको छोरा, बर्दिया जिल्ला, जमुनी वडा नं.०६ बस्ने **दिलबहादुर दमाई** (ना.प्र.नं.१३५७ मिति २०४२/०५/०५, जि.प्र.का.बर्दिया)

**धितो सुरक्षणको विवरण:**
१. **तुलसी रतन**को नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा., वडा नं.१६ स्थित कित्ता नं.४४ को क्षेत्रफल १६९.३० व.मी.को घर/जग्गातथा सोको सम्पूर्ण लिगलगापतहरु समेत ।

**७. ऋणीको विवरण:**
सहविर दमाईको बुहारी, मानबहादुर परियारको पत्नी, रामबहादुर परियारको छोरी, सुर्खेत जिल्ला मेहेलकुना वडा नं.३ बस्ने **लक्ष्मी परियार** (ना.प्र.नं.२८८५ मिति २०६२/०६/१९, जि.प्र.का.काठमाडौं) ।

**व्यक्तिगत जमानीकर्ताको विवरण:**
१. चुके दमाईको नाती सहविरदमाईको छोरा, सुर्खेत जिल्ला, मेहेलकुना वडा नं.०३ बस्ने **मानबहादुर परियार** (ना.प्र.नं.३९७४७/१६६३ मिति २०५७/०४/२५, जि.प्र.का सुर्खेत) ।

**धितो सुरक्षणको विवरण:**
१. लक्ष्मी परियारको नाममा मालपाते कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा., वडा नं.१६ स्थित कित्ता नं.४३ को क्षेत्रफल १६९.३० (व.मी) को घर/जग्गातथा सोको सम्पूर्ण लिगलगापतहरु समेत ।

**८. ऋणी विवरण:**
सिंह लाल नेपालीको नातिनी, पहलमान नेपालीको छोरी, अर्जन परियारको पत्नि, बर्दिया जिल्ला, गुलरिया न.पा/गा.वि.स. वडा नं. ८ बस्ने शारदा नेपाली (ना.प्र.न २/७१९५ मिति २०५५/१२/२५जि.प्र.का बर्दिया) ।

**ब्यक्तिगत जमानीकर्ताको विवरण:**
१. राम सिंह दमाइको नाति, दिल बहादुर दमाइको छोरा, बाँके जिल्ला नेपालगन्ज न.पा/गा.पा वडा नं.०१ बस्ने **खिम बहादुर रतन** (ना.प्र.न ६६१०९९/४४९२ मिति २०६८/१२/२८ जि.प्र.का बाँके) ।

**धितो सुरक्षणको विवरण:**
१. **शारदा नेपाली**को नाममा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा., वडा नं. १६ स्थित कित्ता नं. १२८ को क्षेत्रफल १६९ व.मी.को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलागापातहरु समेत ।

**शर्तबन्देजहरु:**
१) शिलबन्दी वोलपत्र यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन अर्थात २०७९ माघ १२ गते** भित्र बैंकको शाखा कार्यालय बाबियाचौर, सुर्खेतमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२) बोलपत्र फारम कुमारी बैंक लि.को शाखा कार्यालय बाबियाचौर, सुर्खेतबाट रु.५००/तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर(घर/जग्गाको बोलपत्र)समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३) बोलपत्रमा आफूले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि. मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (**Good For Payment**) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो वाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४) यो सूचना प्रकाशित भएको मितिले १६ **(औं) दिन अर्थात मिति २०७९ माघ १३ गते १२:०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बाबियाचौर, सुर्खेतमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५) बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिने छ ।
६) म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७) बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बांकी रकम बैंकमा जम्मा गर्नु पर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८) लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९) लिलाम हुने सम्पत्ति सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बाबियाचौर, सुर्खेतमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०) धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११) गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२) प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखीएको छ ।
१३) धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ ।

**बोलपत्र खोलिने मिति २०७९ माघ १३ गते शुक्रबार १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय बाबियाचौर, सुर्खेत फोन नं.** ०८३-४१०००३



## कुवेतमा रोजगार | कम्पनी : AL-RUWAD ENVIRONMENTAL SERVICES CENTER
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०४/२६ चलानी नं.: ६०१८५१५२ L.T. No.: 269563 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 83 | 47 | स. काममा दक्ष | 85 | ३६,२८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SRK नेपाल प्रा. लि.**
Govt. Lic. No. 1156/073/074
सामाखुसी, टाउन प्लानिङ्ग, काठमाडौं, (स्विमिङ पुल रोड छाप्रो मासु पसलको छेउ)
फोन: ०१-४३६३४०३, ९८१८६५८०९८, ९८०१८९४४३३



## मलेशियामा रोजगारको अवसर | कम्पनी : MAC SECURITY CONSULTANTS SDN BHD
शहर: Kaula Lumpur

पुर्व स्वीकृत मिति: २०७९/०८/२९ चलानी नं.: ६०१९३३८४ L.T. No.: 277784 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 59 | 0 | स. काममा दक्ष | 1500 | ४४,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ५ गते (19 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Lic No. 689/063/064
**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.**
सामाखुसी-०३, काठमाडौं, फोन: ४३८४८३२, ४३८४८३३



## UAE मा रोजगार | कम्पनी: HEMAYA SECURITY SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०९/२६ चलानी नं.: ६०१९४८५२ LT. No.: 279335

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards (Female) | 0 | 50 | स. काममा दक्ष | 1920 | ६८,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता YAK & YETI DURBAR MARG & MARRIOTT HOTEL, काठमाडौंमा २०७९ माघ ६, ७, ८ र ९ गते (20, 21, 22 & 23 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४१११२६
Mobile: 9802070421 | 9848748772 | 9818878780 | 9860640882



# Melauli Municiplaity
# Office of the Municipal Executive
Melauli, Baitadi
Sudurpashchim Province

## Notice for Invitation of Bids

**Date of publication: 2079/09/28 (12th, January 2023)**

Melauli Municipality Office of The Municipal Executive Melauli, Baitadi invites Electronic Bids under National Competitive Bidding Procedure (NCB) through PPMO's e-procurement system from eligible bidders for the Construction of following works mentioned below under online National Competitive Bidding Procedures.

| S.N | Name Of Project | Contract ID | Estimated Amount (Excluding VAT & Contingencies) | Bid Security (NRS) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Melauli Bhagwati Mandir Parisar Phohormaila Byabasthapan Ward No. 01 | 09/NCB/ MBPB/079/080 | NRs. 42,56,487.49 | NRs.1,10,000 /- | 2079/10/28 (12th February 2023) 12:00 Noon | 2079/10/28 (12th February 2023) 13:00 After Noon, Melauli Municipality office |
| 2 | Construction of Lamalek Pelya Titabai Road Ward No. 4 & 5 | 10/NCB/ LPTR/079/080 | NRs. 67,52,948.97 | NRs. 1,70,000/- | | |
| 3 | Constructions of Municipality Office Premises Boundary, Retaining Wall & Gate Ward No. 01 | 13/NCB/ MPBR/079/080 | NRs. 97,93,284.59 | NRs. 2,50,000 /- | | |

**Bank Information**

| Name Of Bank | Office Account Name & Numbers | Biding Document Cost |
|---|---|---|
| Kumari Bank Limited, Melauli Branch Melauli Baitadi | For Bid Document (ga.1.1 Aantarik Rajaswa Khata) 2710247109400012 For Bid Security (ga.3 Dharauti Khata) 2710247109400004 | 1. NRs.3000.00/- (Three Thousand Only) For Bids |

For More Details Contact No.: 9848719246 Or May Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

# बक्स अफिस समाचार

## जितु र साम्राज्ञीलाई 'ह्यारीकी प्यारी'को आश



**काठमाडौं/मस–** हास्यकलाकार तथा अभिनेता जितु नेपाल र अभिनेत्री सम्राज्ञी राज्यलक्ष्मी शाहको अभिनय रहेको फिल्म 'ह्यारीकी प्यारी' आगामी माघ २० मा प्रदर्शन हुँदैछ । यसै फिल्मको जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा कलाकार नेपालले आफ्नो जोडी अभिनेत्री शाहसँग नयाँ देखिएको बताए ।

'अभिनेत्री शाहसँग बाँधिएको जोडी धेरैलाई सहज थिएन, यद्दपि हामी कथावस्तुमा ठिक छौं,' जितुले भने, 'हास्यकलाकारको रूपमा स्थापित परिचयलाई बदल्दै कलाकार बन्न चाहन्छु, यसमा मैले आफ्नो कलाकारिता देखाउने अवसर पाएँ ।'

अभिनेत्री साम्राज्ञीले स्क्रिप्ट पढेपछि अभिनेता नेपालको नाम सुन्दा आश्चर्य लागेको बताइन् । 'मैले जोडी थाहा पाउँदा केही भन्नै सकिन्, तर कथाअनुसार हामीलाई कास्टिङ गरिएको थियो, त्यसैले म फिल्म गर्न तयार भएँ,' साम्राज्ञीले भनिन्, 'कथा र पात्रले मलाई फिल्मसँग जोडिन आकर्षित गर्छ ।'

उनले अभिनय गरेको यो पहिलो रोमान्टिक कमेडी अर्थात् रमकम फिल्म हो । अभिनेता जितुले केही फिल्म, टेलिफिल्ममा काम गरे पनि मुख्य भूमिकामा अभिनय गरेको यो पहिलो फिल्म हो । हरि नामक पात्र कसरी ह्यारी बन्छ र जीवनको सपना पूरा गर्छ भन्ने संघर्षलाई फिल्ममा देखाइने निर्देशक डा कपिल रिजालले बताए ।

उनी डा भोला रिजालका पुत्र हुन् । 'केही वर्षको सिकाइ र प्रतीक्षापछि निर्देशनमा पाइला टेकेको छु, म हाम्रो कला र संस्कृतिलाई अन्य भाषामार्फत विश्वभर लैजाने सोचमा छु,' निर्देशक रिजालले भने । फिल्म नेपालीसहित हिन्दी, बंगाली, पञ्जाबी र मराठी भाषामा समेत प्रदर्शन हुने भएको छ । बिआर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भएको फिल्ममा अन्य कलाकारमा विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समीक्षा पौडेल, रमेश अधिकारी, डिल्लीराम खनालको अभिनय रहेको छ ।

## दीपक श्रेष्ठको फिल्ममा दयाहाङ



**काठमाडौं/मस–** निर्देशक दीपक श्रेष्ठ नयाँ फिल्मको तयारीमा जुटेका छन् । उनको निर्देशनमा बन्न लागेको एक बेनाम फिल्ममा नायक दयाहाङ राई अनुबन्ध भएका छन् ।

